लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

शिलबन्दी बोलपत्र (प्रति इकाइ दरमा औषधि तथा औषधिजन्य सामान खरिद) आव्हानको सूचना (**Hard Copy** ठेक्का)

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३-०६-०८

यस अस्पतालको लागि आ.ब. २०८३/०८४ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित काम बोलपत्रका माध्यमबाट गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रहि शिलबन्दी बोलपत्रका माध्यमबाट मात्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

1. बोलपत्र कागजातमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि तपसिल बमोजिमको सेवा र शर्त अनिवार्य हुनेछ र यो सार्वजनिक अनुगमन कार्यालय (PPMO) ले तयार गरेको Standerd Bid Document को अभिन्न अंग रहनेछ।
2. यो सूचना प्रकाशित भएको मितिले तोकिएको समायाबधी भित्र तपसिलमा उल्लेखित बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) कृषि विकास बैकमा रहेको यस अस्पतालको खाता नं. ०४१४७०१४२५६७८०१९ मा नगद जम्मा गरेको सक्कल भौचर आर्थिक प्रशासन शाखामा बुझाई बोलपत्र खरिद गर्न सकिनेछ। रितपूर्वक म्याद भित्र दर्ता भएका बोलपत्रहरु तपसिलमा उल्लेखित दिनको १४.०० बजे बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहबरमा यस अस्पतालमा खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्रहरु खोल्न कुनै बाधा पर्नेछैन ।
3. बोलपत्रदाताले बोलपत्र खरिद गर्नका लागी तपसिल उल्लेखित कागजात सहित अस्पताललाई सम्बोधन गरि निवेदन पेश गर्नुपर्नेछ।
   क) व्यवसाय सञ्चालन गर्न पाउने ईजाजत पत्र
   ख) स्थायी लेखा नम्बरको प्रमाणपत्र
   ग) मुल्य अभिबृर्दिकर प्रमाणपत्र
   घ) नियमानुसार म्याद भित्रको अवधि भएको कर चुक्ताको प्रमाणपत्र तथा इजाजत पत्रको नविकरण पेश गर्नुपर्नेछ।
   ङ) धरौटी रकम वापतको बैक भौचर श्री प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनी प्रदेश रुपन्देहीको नाममा रा.बा. बैक खस्यौली शाखामा रहेको धरौटि खाता नं **३१२०१००२०२०३०००० मा** (अस्पतालको कोड नं. ३७००१४८०३५) नगद जम्मा गरेको अथवा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैक वा वित्तिय संस्थाले यस अस्पतालको नाममा जारी गरेको बैक जमानत पत्र (Bid Bond) बोलपत्र खोल्ने मितिबाट १२० दिन समायाबधी भएको हुनुपर्नेछ।
   च) बोलपत्रदाताले कुनै संसोधन गर्न चाहेमा वा बोलपत्र फिर्ता लिन चाहेमा बोलपत्र दर्ता गर्ने अन्तिम समय भन्दा २४ घण्टा अगावै नियमानुसार निवेदन पेश गर्नुपर्नेछ। साथै कुनै कुरा बुझ्नु परेमा कार्यालय समयमा यस अस्पतालमा सम्पर्क राख्न सकिनेछ।
4. बोलपत्र फाराम दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।
5. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ।
6. स्विकृत बोलपत्रदातालाइ नेपाली मुद्रामा मात्र रकम भुक्तानी गरिनेछ। ढुवानी खर्च बोलपत्रदाताले स्वयम ब्यहोर्नुपर्नेछ। ढुवानीको क्रममा कुनै हानि नोक्सानी भएमा अस्पताल जिम्मेवार हुनेछैन। साथै कुनै पनि मुल्यबृद्रि पाईनेछैन।
7. बोलपत्र सम्बन्धी छलफल गर्न बोलपत्र पेश गर्नुपूर्वको बैठक मिति २०८२/०६/२० गते दिनको १४.०० बजे यस अस्पतालमा राखिने छ।
8. बोलपत्र कागजातमा उल्लेख नभएका बिषय सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।
9. बोलपत्रदाताले बिड फर्ममा दररेट पेश गर्दा मु.अ. कर बाहेकको दररेटलाई अंकर अक्षर दुबैमा (नेपाली मुद्रा मात्र) उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखेको दररेटमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। दर रेट कबोल गर्दा केरमेट भएमा केरमेट भएको ठाउमा सहि/छाप गर्नुपर्नेछ। बोलपत्रदाताले बोलपत्रमा कुनै शर्त राख्न पाईनेछैन। बोलपत्रदाताले अनिवार्य रुपमा कम्पनीको सम्पर्क नम्बर, ईमेल ठेगाना राख्नुपर्नेछ। अस्पतालले पत्रचार गर्दा तथा खरिद आदेश पठाउदा ईमेल मार्फत पठाएकोलाई पनि आधिकारिक मानिनेछ। बोलपत्रदाताले आफुले पेश गरेको दररेट सगै कैफियत महलमा अनिवार्य रुपमा कम्पनी/ब्राण्ड उल्लेख गर्नुपर्नेछ। सामानको मुल्य प्रस्ताव गर्दा अनिवार्य आइटमवाइज प्रति इकाइ दररेटमा पेश गरेको प्रस्ताव मात्र मुल्याङ्कनमा समावेश हुनेछ।

मुख्य शर्त (Special Terms and Conditions)

10. छनौट हुने औषधि तथा औषधिजन्य सामानहरु Department of Drug Administration मा दर्ता तथा नविकरण भएको, म्याद भएको हुनपर्नेछ। आवश्यकता अनुसार WHO GMP/CE Europe/EU GMP/USFDA approved हुनुपर्नेछ, र प्रमाणित भएको प्रमाणपत्र

समेत पेश गर्नुपर्नेछ। औषधिको कम्तिमा १८ महिना सम्मको Expiry date भएको हुनुपर्नेछ । Expiry date कम हुने कुनै औषधिको हकमा कम्तिमा ६ महिनाको Expiry date हुनुपर्नेछ। म्याद ग्रुज्रिन लागेका सामानहरु सप्लाइ गर्न पाइनेछैन। यसरी अस्पतालमा आपुर्ति गरेको सामानको म्याद कम समय भएको तथा ल्याइ सकेको सामानहरुको म्याद सकिएमा समेत आपुर्तिकर्ताले उक्त सामान फिर्ता लगी सो परिमाण बमोजिमको नया सामान (म्याद बढी भएको) उपलब्ध गराउनुपर्नेछ, यदि म्याद गुज्रेका सामानहरु फिर्ता नभएमा उक्त रकम बराबरको रकम कट्टा गरि बाकी रकम भुक्तानी गरिनेछ। भुक्तानी बाकी नभएको अवस्थामा धरौटीबाट समेत कट्टा गर्ने र सो नभए प्रचलित नियमानुसार हुनेछ।

11. बोलपत्रदाताले उत्पादक कम्पनी कोड गर्दा माग भए अनुसारको composition /Strength /Volume मिल्ने गरि कोड गर्नुपर्नेछ। अन्यथा सोही गुणस्तरको माग भए अनुसारको composition/Strength/Volume मिल्ने सामान खरिद गरिनेछ र यसबाट पर्न जाने क्षतिको जिम्मेवार सम्बन्धित बोलपत्रदाता, फर्म, कम्पनीनै हुनेछ।
12. बोलपत्रदाताले दररेट कबोल गर्दा **Price Schedule for Goods** मा उल्लेखित सबै **Slice** वा कुनै एक वा सो भन्दा बढी **Slice** मा दररेट पेश गर्न सकिनेछ र **Bank Guarantee** तोकिए बमोजिमको राख्नु पर्नेछ।
13. बोलपत्र मुल्यांकन गर्दा नमुना परिक्षण अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ बमोजिमको हुनेछ। बोलपत्र मुल्यांकनमा नमुना परिक्षण / मुल्याकनको लागी औषत दर कायम हुन आएका मध्येबाट नमुना परिक्षण / मुल्याकनका लागी अस्पतालले माग गरेको ५ दिन भित्र अनिवार्य रुपमा ठेक्का नं. सहित आइटमको नाम र कम्पनीको नाम बाहिर खाममा जनाइ नमुना शिलबन्दी गरि पेश गर्नुपर्नेछ। तोकिएको समयाबधी भित्र नमुना पेश हुन नआएमा अस्पतालले मुल्याङ्कनमा समाबेश गर्नेछैन। छनौट भएका सामानको गुणस्तरमा चिकित्सक तथा सेवाग्राहीबाट गुनासो आएमा प्राबिधिक मुल्याकन समितिको सिफारिसमा कुनै पनि समयमा सम्झौता रद्ध गरि गुणस्तरिय सामान खरिद गर्न अस्पताललाइ बाधा पर्नेछैन। औषधि तथा औषधिजन्य सामानहरु छनौट गर्ने अन्तिम अधिकार अस्पतामा गठित प्राबिधिक मुल्यांकन समिति र अस्पतालमा निहित रहनेछ।
14. सामानहरु अस्पताललाई सप्लाई गर्दा अस्पतालको आवश्यकता र माग बमोजिम बिभिन्न चरणमा गर्नुपर्नेछ। अस्पतालले सामानहरु खरिद आदेश पठाएको ५ दिन भित्र अस्पतालमा सप्लाई गर्नुपर्नेछ। तोकिएको समयाबधि भित्र सामान सप्लाई गर्न नसकेमा अस्पतालले अन्य बिक्रेता संग सिधै खरिद गर्नेछ र उक्त सामान सोझै खरिद गर्दा सम्झौता रकम भन्दा बढी भएमा पनि अस्पतालले उक्त रकम स्वीकृत प्रस्तावदाता (सप्लायर्स) बाट असुल उपर गरिनेछ। साथै पटक – पटक त्यस्तो कार्य दोहरिएमा निजको ठेक्का तोडी कालो सुचिमा राख्नको लागी कारबाही अगाडी बढाईनेछ।
15. बोलपत्रबाट स्वीकृत भएका सामानहरु प्राबिधिक निरिक्षण, परिक्षण गर्दा सम्झौतामा एवं तोकिएको प्राबिधिक स्पेशिफिकेसन तथा गुणस्तर बमोजिम नभएमा सामान फिर्ता गरि सम्झौता रद्द गरिनेछ। साथै सम्झौता गरि सामान सप्लाइ नगर्ने फर्म/कम्पनीलाई नियमानुसार कालोसूचिमा राख्ने कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।
16. बोलपत्रमा उल्लेखित परिमाण भन्दा खरिद कम-बढी परिमाणमा हुन सक्नेछ। यसरि उल्लेखित परिमाण भन्दा बढी हुन गएमा पनि स्वीकृत बोलपत्रदाताले स्वीकृत दररेटमानै सामान उपलब्ध गराउनु पर्नेछ। साथै कम परिमाणमा खरिद भएमा सोहि अनुसार भुक्तानी हुनेछ। अस्पतालले आगामी आ.ब.को लागी खरिद कार्यको बन्दोबस्त नगर्दा सम्म चालु आ.ब. को स्वीकृत दररेटमा उपलब्ध गराउनु पर्नेछ।
17. तोकिएका आवश्यक कागजातहरु नभएका, शर्त राखी बोलपत्र पेश भएका, रित नपुगेका, म्याद नाघी प्राप्त भएका एवं स्पेशिफिकेसन बमोजिम नभएका तथा लागत अनुमान भन्दा बढी कबोल गरेको र प्रचलित कानुनमा न्युनतम कबोल रकमको सिमा तोकिएको अवस्थामा सो भन्दा कम रकम कवोल गरेको बोलपत्र उपर कुनै कारबाही हुने छैन। एक फर्म वा संस्थाको नाममा खरिद भएका बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइनेछैन। बोलपत्रमा सम्बन्धित कम्पनी वा फर्मको छाप र दस्तखत अनिवार्य हुनुपर्नेछ।
18. सार्वजनिक खरिद ऐन २०६३ बमोजिम कालो सुचिमा परेको व्यक्ती, फर्म, संस्था वा कम्पनीको संचालकले आफ्नो पूर्ण वा आसिंक स्वामित्व कायम रहने गरि खोलेको नयां फर्म, कम्पनी वा संस्था वा निज आफै वा निज समेतको नाममा भई रहेको अर्को फर्म संस्था वा कम्पनीले बोलपत्र पेश गर्न सक्नेछैन। सो विषय झुठा विवरण पेश गरेको ठहरेमा सोहि समयमानै सम्झौता रद्ध गरिनेछ र सो विषयमा प्रचलित कानुनी प्रकृया वढाइनेछ।
19. स्वीकृत बोलपत्रदाताले कवोल गरेको मुल्यमा अस्पतालले माग गरे बमोजिम सामानको परिमाण तोकिएको समयमै उपलब्ध गराउनु पर्ने र यसरी समयमै उपलब्ध नगराइ अस्पतालको सेवा प्रवाहमा प्रत्यक्ष/अप्रत्यक्ष प्रभावित गराएमा सम्वन्धित बोलपत्रदाता सगँको सम्झौता रद्ध गरि धरौटी जफत गरि कालो सुचिमा राख्न सिफारिश गरिनेछ। साथै कबोल गरेको मुल्यमा ठेक्का सम्झौताको शर्त तथा प्रावधान विपरित कुनै पनि कारण देखाइ मुल्य वृद्दि गर्न पाइनेछैन।
20. अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ।

ठे.न. LPH-NCB-GOODS-05-2083-084, Supply & Delivery of Implants Items को हकमा

1. स्वीकृत बोलपत्रदाताले अस्पतालले उपलब्ध गराएको स्थानमा आफ्नो सम्पूर्ण सामानहरु राख्नुपर्नेछ र एक जना प्रतिनिधि २४ सै घण्टा अस्पतालको सम्पर्कमा रहि आवश्यक परेको बेला तत्काल माग अनुसार Implant र सो संग सम्बन्धित समानहरु तोकिएको दररेटमा बिरामीहरुलाई उपलब्ध गराउनुपर्नेछ।
2. अस्पतालले बिक्रि वितरणको लागी निर्धारण गरेको Software मार्फत सेवाग्राहीहरुलाई Billing गरि सामानहरु उपलब्ध गराउनुपर्नेछ
3. मासिक रुपमा सामान बिक्रि वितरण गरेको जम्मा रकमको आधारमा अस्पतालले निश्चित प्रतिशत नाफा (फार्मेसी निर्देशिका अनुसार) राखी बाकी रहेको रकममा नियमानुसारको कर कट्टी गरि स्वीकृत बोलपत्रदातालाई रकम भुक्तानी गर्नेछ।
4. बोलपत्रमा उल्लेख हुन छुट भएका अन्य अप्रेसन संग सम्बन्धित Implant र सो संग सम्बन्धित समानहरु समेत स्वीकृत बोलपत्रदाताले नै उपलब्ध गराउनपर्नेछ। यसरी उपलब्ध गराएका सामानहरुको मुल्य कायम गर्दा सम्बन्धित बोलपत्रदाताले पेश गरेको मुल्यमा प्रमुख मेडिकल सुपरिटेन्डेण्टको

संयोजकत्वमा सम्बन्धित चिकित्सक, बिभागिय प्रमुख र फार्मेसी / इमप्लान्ट शाखा प्रमुखको समितिले प्रचलित बजार दररेटको आधारमा एकिन गरि कायम गर्ने र सोही मुल्यलाई बोलपत्रदाताले अनिवार्य स्वीकार गर्नुपर्नेछ ।

5. अस्पतालमा सप्लाई हुने Implants र सो संग सम्बन्धित सामाग्रीहरु गुणस्तरिय एवं सुरक्षित हुनुपर्नेछ । सप्लाइ गरेका Implants र सो संग सम्बन्धित सामानहरु अप्रेशनमा प्रयोग गर्दा कुनै किसिमको सिकायत चिकित्सक तथा बिरामीबाट भएमा उक्त सामान फिर्ता गरि गुणस्तरिय सामान सप्लाइ गर्नुपर्नेछ । साथै अस्पतालमा प्रयोग हुने Implants र सो संग सम्बन्धित सामाग्रीहरुको प्राबिधिक छनौट अस्पताल फार्मेसी निर्देशिका २०७२ को दफा ४ को "ख" र "ग" बमोजिम हुनेछ । बोलपत्र मुल्यांकनको क्रममा प्राबिधिक छनौट समितिले आवश्यताको आधारमा सम्बन्धित बोलपत्रदाता संग नमुना माग गर्न सक्नेछ । बोलपत्रदाताले आफुले पेश गरेको Implant र सो संग सम्बन्धित समानहरुको गुणस्तर सुनिश्चित गर्ने आधिकारिक कागजात बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

6. स्वीकृत बोलपत्रदाताले सप्लाई गर्ने Implant र सो संग सम्बन्धित सामाग्रीहरुको गुणस्तरमा पटक-पटक सिकायत आएमा, माग भए बमोजिमको सामान समयमा उपलब्ध गराउन नसकेमा, स्वीकृत दररेट भन्दा अधिक दररेटमा बिक्रि गरेको पाइएमा तथा स्वीकृत भएको बाण्ड भन्दा कम गुणस्तरको सामान सप्लाइ गरेमा अस्पतालले ठेक्का सम्झौता रद्ध गरि प्रचलित कानुन बमोजिम कारबाहीको प्रक्रिया बढाउनेछ ।

तपसिल

क्र.सं.	ठे.नं.	कामको विवरण	लागत अनुमान (मु.अ. कर बाहेक)	बोलपत्र दस्तुर	धरौटी रकम	ठेक्काको मुल्यांकन	बोलपत्र खरिदको अन्तिम मिति र समय	बोलपत्र दर्ताको अन्तिम मिति र समय
१	LPH-NCB-GOODS-01-2083-084	Supply & Delivery of Medicine (Package I)	.....	5,000.00	21,80,000.00	प्रति इकाइ दरमा	२०८३/०६/२८ गते कार्यालय समय सम्म	२०८३/०६/२९ गते १२.०० भित्र बोलपत्र खोल्ने मिति २०८३/६/२९ गते १४.०० बजे
२	LPH-NCB-GOODS-02-2083-084	Supply & Delivery of Medicine (Package II)	.....	5,000.00	20,03,000.00			
३	LPH-NCB-GOODS-03-2083-084	Supply & Delivery of Medicine (Package III)	.....	5,000.00	8,84,500.00			
४	LPH-NCB-GOODS-04-2083-084	Supply & Delivery of Surgical Goods	.....	10,000.00	27,98,000.00			
५	LPH-NCB-GOODS-05-2083-084	Supply & Delivery of Implants Items	1,25,53,249.50	3,000.00	3,55,000.00	प्याकेजमा		

प्रमुख मेडिकल सुपरिटेण्डेण्ट